**जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको २१ औं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष माधब दुलालद्धारा प्रस्तुत आ.ब. ०६८/०६९को प्रगति प्रतिवेदन तथा आ.ब.०६९/०७०को नीति, योजना तथा कार्यक्रम**

जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको २१ औं बार्षिक साधारण सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी आजको यस गरिमामय सभामा पाल्नु भएका प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, बिषयगत जिल्ला सहकारी संघका अध्यक्ष तथा प्रतिनिधि साथीहरु, संचालक समिति, लेखा समिति र बिभिन्न उप समितिका सहकर्मी साथीहरु, बिभिन्न सहकारी संघ/संस्थाका अध्यक्षज्यूहरु तथा प्रतिनिधि मित्रहरु, पत्रकार मित्रहरु, कर्मचारीवर्गहरु एंव यस सभामा उपस्थित भई सभाको शोभा बढाईदिनु हुने सम्पूर्ण शुभचिन्तक महानुभावहरुमा जिल्ला सहकारी संघ लिमिटेड ललितपुर एवम् मेरो व्यक्तिगत तर्फबाट तर्फबाट हार्दिक स्वागत गर्दै सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

**आदरणीय प्रतिनिधि साथीहरु,**

"एकका लागी सबै र सबैका लागी एक" भन्ने मूल मर्मका साथ २८ जना मजदुरहरुबाट आफ्नो अभावलाई न्यून गर्न उपभोक्ता भण्डारबाट श्रीगणेश भएको बिश्व सहकारी अभियान पनि १६९ बर्ष पुगिसकेको छ । यस अवधिमा सहकारी अभियान संसारको बलियो र सबैले बिश्वास गरेको संगठनको रुपमा बिकसित भइसकेको छ । संसारका बिभिन्न देशको आर्थिक र सामाजिक बिकासमा सहकारीले महत्वपुर्ण योगदान दिन सफल भएको छ ।

सहकारीले बिश्व समुदायको आर्थिक र सामाजिक विकासमा गरेको योगदान, बिशेष गरी गरिबी न्यूनीकरणमा पारेको प्रभाव, बिभिन्न क्षेत्रमा रोजगारी सृर्जना र सामाजिक एकीकरणमा खेलेको भूमिका लगायतको बिषयहरुलाई उच्च मुल्याँकन गर्दै संयुक्त राष्ट्रसंघले सन् २०१२ लाई ""Cooperative Enterprises Build A Better World" मूल

नाराका साथ संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय सहकारी बर्ष सन् २०१२ घोषणा गरी भरखरै सम्पन्न भएको छ । यस कार्यले बिश्व समुदायमा सहकारीको बैभव र सहकारीको औचित्यलाई थप पुष्टि गरेको छ । यस अवसरमा  बिश्वभरका सहकारीकर्मी बीचको ऐकेबद्धतालाई अझ मजबुत बनाउदै सहकारीका बिषयमा बिश्व जनमानसमा सहकारी संम्बन्धि जन चेतनामा अभिबृद्धि भएको, सहकारी मैत्री नीति निर्माणमा बल पुगेको एवम् सहकारीको विकास र प्रवर्धनमा सहयोग भएको छ । परिणामत यस बर्षले बिश्व समुदायका सहकारी क्षेत्रमा मात्र नभई अन्य समुदायमा समेत सहकारी प्रतिको चासो र आकर्षण बढाएको छ । यस अबसरमा सहकारी अभियानकर्ताहरुमा दायित्व थपिनुको साथै भूमिकालाई  बढाइको छ ।

नेपालमा बि.सं २०१३ सालमा चितवनको बखानपुरमा “श्री बखानपुर सहकारी ऋण समिति” को नामबाट शुरु गरिएको सहकारी अभियानले विभिन्न आरोह अवरोह पार गरिरहेको छ । देशको  राजनीतिक अबस्था सगै सहकारीको बिकासमा अनुकुलता र प्रतिकुलता रह्यो । ५६ बर्षे सहकारीको अभियानमा देशमा बिभिन्न प्रकृतिका २६००० भन्दा बढी सहकारी संस्थाहरु स्थापना भई सकेका छन् । यस अबधिमा सहकारी संस्थाहरुको विकास र प्रबर्धन हेतु सहकारी संघहरु र सरोकारवाला  निकायहरुको विकास भएको छ । बिभिन्न मंन्त्रालयको बिभिन्न बिभाग अन्तरगत रहदै आएको सहकारी तपाई हाम्रो माग र चाहना बमोजिम छुट्टै सहकारीको मंन्त्रालयको गठन भएको छ । सहकारी मार्फत गरिबी निवारणको भूमिकालाई राज्यले समेत आत्मसात गरेको बिषय हो । वास्तवमा सहकारीले न्यून आय भएका, आर्थिक क्षेत्रमा पहुँच नपुगेका बर्गहरुको आर्थिक तथा सामाजिक बिकासमा ठुलो योगदान गरेको छ । महिला सशक्तिकरणमा सहकारीको महत्वपूर्ण भूमिका रहेको छ । सामाजिक एकीकरणमा समेत उल्येख्य भुमिका खेलेको छ । नयाँ नयाँ क्षेत्रमा प्रबेश गदै समुदायको सीप, साधन र स्रोत परिचालनमा मदत्त गरेको छ । यद्धपि प्रसस्त संम्भावना रहदा रहदै पनि सहकारीको अत्याधिक प्रयोग हुन सकिरहेको छैन् । यस अबधिमा सहकारीको बिशिष्टतालाई यथेष्ठ पहिचान गर्दा गर्दै पनि व्यवहारमा कमी देखिएको छ ।

सहकारीको संख्यात्मक विकासको आधारमा गुणात्मक सुधार हँुन बाँकी छ । सहकारीमा बिभिन्न प्रकारका समस्या र चुनौतिहरु देखापरेका छन् । सहकारी पृथक पहिचान सहितको आत्मनिर्भर आर्थिक व्यवहार हो । सहकारी पद्दतीलाई आर्थिक सामाजिक रुपान्तरणको उत्तम मात्र नभई निर्विकल्प माध्यम बनाउन सकिन्छ । समाबेसी लोकत्रन्त्रमा आधारित व्यावसायिक नमूनाको रुपमा स्वीकार गरिएको सहकारी पद्दतीको बिशिष्टतालाई अत्याधुनिक र अधिक प्रयोग गरिनु आजको आबश्यकता हो । सहकारीका समस्या र चुनौतिहरुको न्यूनिकरण गर्दै सहकारी प्रयोगमा निखार ल्याउने पहिलो दायित्व सहकारीकर्मीहरु कै हो र यसमा तपाई हामी सबैको महत्वपूर्ण भुमिका रहन्छ । आजको यस गरिमामय सभामा हामी सबैले आ–आफ्नो ठाऊँबाट सहकारीको विकास र प्रबर्धनमा यथासक्य भूमिका निर्वाह गर्नु पर्ने विषयमा जोड दिन चाहन्छु ।

**प्रतिनिधि साथिहरु,**

जिल्ला सहकारी संघ लिमिटेड ललितपुर नेपालको सहकारी अभियानमा ऐतिहासिक भूमिकामा रहेको छ । २०२८ साल चैत्र २४ गते निम्न उद्देश्यहरु प्राप्तिका लागि स्थापना गरिएको यस संघ लक्ष्य प्राप्तिका लागि क्रियाशिल छ ।

**जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको उद्देश्यहरु**

**क. संघको कार्यक्षेत्र भित्रका संस्था तथा बिषयगत संघहरुको विकास तथा प्रबर्धन गर्ने ।**

**ख. आफ्ना सदस्य संस्था/बिषयगत संघहरुको व्यवससायिक तथा आर्थिक विकासका लागी सहयोग गर्ने ।**

**ग. सदस्य संस्था/बिषयगत संघहरु बीच सहयोग र समन्वय कायम गर्ने ।**

जिल्ला भित्र संचालित सहकारी संघ/संस्थाहरुको अविभावकको भूमिकामा रहेको यस संघको कृयाकलाप महत्वपूर्ण रहदै आएको छ । पहाड, काँठ र शहर गरी ३ प्रकारको भौगोलिक अबस्थामा रहेको यस जिल्लाको सहकारी अभियानले बिस्तारै गति लिन थालेको छ । सम्रग सहकारी क्षेत्रमा रहेको बिभिन्न समस्या र चुनौतीहरुबाट ललितपुरको

सहकारी अभियान पनि अछुतो छैन् । यसका बावजुद पनि सहकारीको मुल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै लक्षितवर्गको आर्थिक र सामाजिक उन्नतीको लागी यस जिल्लाका सहकारीहरु क्रियाशिल रहेका छन् । ललितपुरका सहकारीहरुले बिभिन्न क्षेत्र मार्फत गरेका कृयाकलापहरु कदर योग्य छन् । बचत परिचालन, कृषि उत्पादन, दुग्ध, चिया, कफि, उपभोक्ता पसल संचालन, स्वास्थ्य, शिक्षा, ग्रामीण बिद्युत्तीकरण, सञ्चार लगायत बहुआयामिक क्षेत्रमा सहकारी संघ/संस्थाहरु सञ्चालनमा रहि सदस्यहरुमा सेवा प्रदान गरिरहेका छन् । नयाँ नयाँ क्षेत्रको पहिचान गर्दै सहकारी मार्फत स्थानीय सीप, स्रोत र साधनको परिचालनमा जोड दिदै आएका छन् । सदस्यहरुको व्यवसायिकता विकास एवम् उद्यमशीलतामा  टेवा दिदै आईरहेका छन् ।

यस जिल्लामा जिल्ला स्तरिय छाता निकायको रुपमा जिल्ला सहकारी संघ लिमिटेड ललितपुर क्रियाशील छ । यसको अलावा विषयगत रुपमा  दुग्ध उत्पादक, बचत तथा ऋण, कृषि, उपभोक्ता, कफि उत्पादक र चिया उत्पादक समेत गरी ६ वटा जिल्ला स्तरिय बिषयगत सहकारी संघहरु स्थापना भई आफ्ना सदस्य संस्था एवम् सहकारीको विकास र प्रबर्धनमा क्रियाशिल रहेका छन् ।

हालसम्म यस जिल्लामा बिभिन्न प्रकृतिका ९७२ प्रारम्भिक सहकारी संस्थाहरुले आफ्नो सहकारी संस्थामार्फत सम्वद्ध सदस्यहरुको आर्थिक र सामाजिक क्रियाकलापमा सहयोग पु¥याउँदै आएका छन् । यसबाट जिल्लाको आर्थिक सामाजिक विकासमा सहकारी क्षेत्रको भुमिका थप स्पस्ट र महत्वपूर्ण भएको हामीलाई लागेको छ । सहकारीले नयाँ नयाँ क्षेत्रको पहिचान गर्दै स्थानीय सीप, स्रोत र साधनको अधिकतम प्रयोग गर्दै जानुपर्ने समयमा केही सहकारी संस्थाहरुमा व्यवस्थापनको कमजोरी, सहकारी शिक्षा र सूचनाको अभाव, अस्वस्थ प्रतिस्पर्धा, संस्थागत आचरणमा कमीका कारण यस क्षेत्रमा केही त्रुटी र कमजोरीहरु देखा परेका छन् । यस विषयमा तथ्यहीन समाचारहरु समेत वाहिर आईरहेका छन् । सबै बर्ग र क्षेत्रको आकर्षण रहेको यस क्षेत्रको संख्यात्मक बृद्धिसंगै केही सुधार गर्नु पर्ने विषयहरु देखा परेका हुन् । संख्यात्मक बृद्धि संगै आउने यस्ता स्वभाविक प्रकृयालाई

सुधार गर्नुपर्ने अवस्था छ ।  यसको निमित्त सहकारीकर्मीहरु, सहकारी अभियन्ता र सरोकारवाला निकायको भूमिका महत्वपूर्ण हुनेछ ।

**प्रतिनिधि साथीहरु,**

आज हामी सहकारी अभियानमा बिशिष्ट पहिचान बोकेको जिल्लामा संचालित सबै प्रकृतिका सहकारी संघ/संस्थाहरुको छाता संघको २१ औं गरिमामय बार्षिक साधारण सभामा छौं । जिल्लाको सम्रग सहकारी अभियानमा यस सभाले दिशानिर्देश गर्न र भविश्यको निक्र्यौल गर्न सफल हुने बिषयमा दुईमत छैन । यस अवसरमा हामीले गत २० औं बार्षिक साधारण सभासमक्ष गरेको प्रतिबद्धता अनुसारको प्रतिवेदन माथिको समीक्षा र आगामी बर्षमा गरिने कार्यक्रमहरुमा छलफल गरी उपयुक्त निश्कर्षमा पुग्नेछौं ।

**प्रतिनिधि साथीहरु,**

हामीले गत साधारण सभाको अवसरमा यहाँहरुसमक्ष व्यक्त गरेका प्रतिवद्धता अनुसार सहकारी संघ/संस्थाहरुको विकास र प्रबद्र्धनमा निम्नअनुसारको कार्यक्रमहरु कार्यन्वयन गरेका छौं । हामीले प्रतिबद्धता गरेको अधिकाँश कार्यक्रमहरु कार्यन्वयन भएका छन् र केही कार्यक्रमहरु कार्यन्वयनको अन्तिम चरणमा रहेको प्रगति अवगत गराउन पाउँदा हामीलाई खुसी लागेको छ । हामीले २० औं बार्षिक साधारण सभासमक्ष  गरेका प्रतिवद्धता र प्रगतिको बिवरण समीक्षाको लागी यहाँहरु समक्ष राख्न अनुमति चाहन्छु ।

**२० औं बार्षिक साधारण सभामा गरेको प्रतिबद्धताहरु**

१. सहकारी शिक्षा तथा तालिम कार्यक्रम

२. सूचना केन्द्रको व्यवस्थापन तथा बुलेटिन प्रकाशन कार्यक्रम

३. पुस्तकालय व्यवस्थापन

४. कार्यालय व्यवस्थापन सूधार

५. भवन मर्मत सूधार

६. कृषि बजार व्यवस्थापन

७. सदस्यता बिस्तार कार्यक्रम

८.अन्तर सहकारी संबन्ध सुदृढिकरण कार्यक्रम

९.सहकारी संघ संस्था प्रबर्धन, अनुगमन कार्यक्रम

१०. क्षमता अभिबृद्धि कार्यक्रम

११.व्यवसाय विकास योजना कार्यक्रम

१२.अन्तरराष्ट्रिय सहकारी बर्ष २०१२ मनाउने कार्यक्रम

१३.संघको विनियम संसोधन कार्यक्रम

१४.संघको कर्मचारी विनियमावली संशोधन कार्यक्रम

१५.आर्थिक विनियमावली पारित गर्ने कार्यव्रmम

१६. सहकारी साँस्कृतिक कार्यक्रम

१७. कार्यक्रमहरुको विकेन्द्रीकरण सम्बन्धि कार्यक्रम

**आदरणीय प्रतिनिधि साथीहरु**

हामीले गरेका प्रतिबद्धता एवम् जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको कार्यक्रम अनुसार आ.ब. ०६८/०६९ को निम्न अनुसारको प्रगति विवरणमा समिक्षाको लागी प्रस्तुत गर्दछौं ।

जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको २० औं बार्षिक साधारण सभा मिति २०६८ साल मंसिर १७ गते सम्पन्न गरिएको थियो । सो साधारण सभाको समुद्घाटन तत्कालीन मा.शान्ति तथा पुर्ननिर्माण मन्त्री सत्या पहाडीबाट भएको थियो । संस्कृतिविद् सत्यमोहन जोशी र राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष सरोजकुमार शर्मा, सहकारी विभागका तत्कालीन रजिष्ट्रार सुर्दशन ढकाल, ललितपुर जिल्लाका तत्कालीन प्रमुख

जिल्ला अधिकारी  चुडामणी शर्मा लगायतका बिशिष्ट अतिथिहरुको उपस्थिति रहको सो साधारण सभामा संस्कृतिविद् सत्यमोहन जोशीलाई सम्मान, सहकारीको अवधारणा र विकास नामक पुस्तक लेखक लेखनाथ ढकाल, सहकारीको ऐतिहासिक नाटक “आरम्भ”का सम्बद्ध पक्षलाई सम्मान गरिनुका साथै बिभिन्न बिषयमा योगदान पु¥याउने संस्थाहरुलाई सम्मान गरिएको थियो ।

**क. निर्धारित कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि निम्न अनुसारका बैठक बसी नीतिगत बिषयहरुमा निर्णय लिइयो ।**

| क्र.स. | विवरण | बैठक संख्या |
| --- | --- | --- |
| १. | संचालक समिति | १८ पटक |
| २ | लेखा समिति | ५ पटक |
| ३ | विभिन्न उप समितिको बैठक | २८ पटक |
| ४ | सञ्जाल (जिल्ला स्तरीय सहकारी संघ, डिभिजन सहकारी कार्यालय एवम् सरोकारवाला निकाय) | १५ पटक |
| ५ | विविध (समसामयिक, कर, मापदण्ड आदि) | १५ पटक |

**ख) शेयर पूँजी तथा लाभांस**

संघमा सदस्यता वृद्धि सँगै शेयर पूँजीमा पनि वृद्धि भएको छ । सदस्य संघ/संस्थाको शेयर लगानीमा शेयर लाभांस कोष र संरक्षित पूंजिकोषबाट ५ प्रतिशत लाभांस वितरण

| आ.ब ०६७/०६८ | आ.ब ०६८/०६९ | हाल सम्म २०६९ मंसिर मसान्त सम्म | कैफियत |
| --- | --- | --- | --- |
| रु.४,५०,०००।- | रु ९१२,५००।- | रु १०,०७,५००।- | बृद्धि |

### ग) संघको संगठनात्मक ढाँचा

संघमा आवद्ध सदस्य संघ/संस्थाहरुलाई संघको निर्दिष्ट उद्देश्य प्राप्तिका लागि समावेशी प्रतिनिधित्व, नेतृत्व विकास र सक्रिय सहभागिता गराउँदै कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संघले आफ्नो संगठनात्मक ढाँचा तयार गरी सोहि ढाँचाबमोजिम विभिन्न कार्यक्रमहरु संचालन गरेको जानकारी गराउन चाहन्छु ।




### घ) उपसमितिको पुर्नगठन एंब निर्माण

संघको क्रियाकलापलाई प्रभावकारी रुपमा संचालन गर्न, बिषयगत बिषयहरुको प्रर्बधन एवम् विकासमा सहयोग गर्न, एवम् सहकारी मापदण्ड समेतलाई ध्यानमा राखि उपसमितिहरु पुर्नगठन एवम् निर्माण गरिएको छ ।

**ङ) संघको ब्यवस्थापकिय संरचना**

संघको दैनिक कायलाई व्यवस्थित, मर्यादित, जवाफदेही बनाई सञ्चालन गर्नु पर्ने भएकाले देहाय बमोजिमको व्यवस्थापकीय संरचना तयार गरी कार्यान्वयन गरिदै आएको छ ।

कार्यकारी प्रमुख -१

सहायक स्तर प्रथम - २

सहायक स्तर तृतीय - १

**१ सहकारी शिक्षा तथा तालिम कार्यक्रम**

१.१ सहकारी संस्थाहरुको स्थापना संगै यसको गुणात्मक बिकासमा जोड दिन सकिएन भने हामीले खोजेको आर्थिक र सामाजिक विकास सम्भब छैन । शिक्षा र तालिमको अभावमा सहकारीले गर्ने व्यवसायमा अन्यौलता पैदा गर्छ । सहकारीको मूल मर्मलाई आत्मसात गर्न सकिएन, सहकारीले गर्ने व्यवसायमा यसको बिधि र प्रकृयाको ज्ञान भएन भने दुघटना हुने सम्भावना रहन्छ । अतः सहकारी संस्थाहरुमा निरन्तर शिक्षा र तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । संस्थाका नेतृत्व वर्ग, सदस्य, कर्मचारी एवम् व्यवस्थापन पक्षहरुमा यसको यथेष्ठ ज्ञान र सीप हुनु जरुरी हुन्छ । संघले यो बिषयलाई अत्यन्त महत्वका साथ उच्च प्राथमिकतामा राखेको छ । परिणामतः संघले यस अबधिमा बिभिन्न शिक्षा र तालिमका कार्यक्रमहरु निम्न अनुसार संचालन गरेको जानकारी गराउँदछु।

| क्र.सं | तालिमको विषय | तालिम संख्या | सहभागी |
|---|---|---|---|
| क | आधारभुत सहकारी शिक्षा तथा अभिमुखिकरण तालिम | ३२ पटक | ८४५ जना |
| ख | सहकारी ब्यवस्थापन तालिम | १ पटक | १९ जना |
| ग | सहकारी लेखा प्रणाली ब्यवस्थापन तालिम | ५ पटक | १०० जना |
| घ | पर्ल्स अनुपात बिश्लेषण तालिम | ३ पटक | ६० जना |
| ङ | सहकारीमा कर्जा ब्यवस्थापन तालिम | २ पटक | ४२ जना |
| च | नगद प्रवाह विवरण तयारी तालिम | १ पटक | १४ जना |
| जम्मा | | ४४पटक | १०८०जना |

१.२ यस जिल्लाको ग्रामीण भेगमा संचालित सहकारी संस्थाहरुमा सहकारी शिक्षा प्रदान गर्ने, समस्याहरुको बारेमा अध्ययन एवम् अन्तरक्रिया गर्ने उद्देश्यले जिल्लाको प्युटार, भट्टेडाँडा, इकुडोल, आसाङ्ग, गिम्दी र माल्टा गाविसहरुमा सञ्चालित विभिन्न प्रकृतिका सहकारी संस्थाहरुलाई लक्षित गरी २०६९ जेठ १ गते प्युटारमा सहकारी जागरणका निमित्त सहकारी शिक्षा शिविर तथा सहकारी अभियानको जानकारी दिने उद्देश्यले कार्यव्रmम सञ्चालन गरियो । कार्यव्रmममा विभिन्न प्रकृतिका १८ वटा सहकारी संस्थाहरुको पदाधिकारी एवम् सदस्यहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

**२. सूचना केन्द्रको व्यवस्थापन तथा बुलेटिन प्रकाशन कार्यक्रम**

२.१ सूचना तथा प्रकाशन उपसमितिको कार्यलाई अझै प्रभावकारी रुपमा निरन्तर सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएकाले संघका सञ्चालक अमृतनाथ तिमल्सिनाको संयोजकत्वमा गठित सूचना तथा प्रकाशन उप समितिमा पुनर्गठन गरिएको छ ।

२.२ विद्यमान अवस्थामा हजारौंको संख्यामा सहकारी संस्थाहरुको स्थापना भई सञ्चालनमा रहेको सन्दर्भ र लाखौ जनता यसमा आवद्ध भइसकेको अवस्था छ । नयाँ नयाँ क्षेत्रमा सहकारीको प्रबेश भईरहेको अवस्थामा सहकारीका सूचना तथा जानकारीहरु सहजै तरिकाबाट प्राप्त गर्न सक्नुपर्ने अवस्थामा अझै कमजोरी छ । सहकारीकर्मीहरुले सके सम्म सबै प्रकारका सूचनाहरु एकै ठाउँबाट प्राप्त गर्ने वातावरणको सिर्जना गर्ने संघले प्रारम्भिक चरणमा नमूना बिनियम, सहकारी ऐन, नियमावली, सरकारी निकायबाट

बेला बेलामा जारी गरिएको मापदण्ड, परिपत्र, नीति निर्देशन लगायतका सामग्रीहरुको संकलन गरी उपलब्ध गराईरहेको छ ।

२.३ संघले आफ्ना गतिबिधि, सहकारी अभियानका गतिबिधि लगायत सदस्य संघ/संस्थाबाट भए गरेका क्रियाकलाप समेतलाई समेटेर त्रैमासिक रुपमा “सहयात्रा” नामक बुलेटिन प्रकाशित गरी सदस्य संघ/संस्थाहरुलाई वितरण गरिरहेको छ । यसबाट सदस्य सहकारी संघ/संस्थाहरुले संघका गतिविधि र अभियानका समाचारको जानकारी प्राप्त गर्न सहज भएको छ ।

२.४ सहकारी संस्थाहरुको विकास र प्रबद्र्धनमा सूचना प्रणालीले महत्वपूर्ण भूमिका खेल्न सक्ने भएकाले यसलाई व्यवस्थित तथा नियमित गर्न क्रमश भैतिक पूर्वाधारहरु तयार गरिने लक्ष्य बमोजिम आबश्यक सामाग्रीहरुकोे व्यवस्था गरिँदै लगिएको छ ।

२.५ संघको कार्यक्रम एवम् गतिबिधिहरु सदस्य सहकारी संघ/संस्थाहरुमा पु¥याई संघको कार्यक्रम र गतिबिधिमा सबै सहकारी संघ/संस्थाहरुको सक्रिय सहभागिता र गतिबिधिको जानकारी एवम् सहकारी अभियानको सूचनालाई यथासम्भव सदस्यहरुमा पुयाउने लक्ष्यअनुसार संघले SMS सेवाको शुरुवात गरेको छ । संघका गतिविधि, कार्यव्रmम, सूचना तथा अन्य जानकारीहरु SMS मार्फत सदस्य संघ/संस्थाहरुलाई सूचनाको रुपमा प्रदान गरिँदै आएको छ । संघले सञ्चालन गर्ने कार्यव्रmमहरुको SMS मार्फत सूचना दिने ब्यवस्था गरिएकोले सक्रिय सहभागिताको लागि संस्थाका अध्यक्ष र प्रतिनिधिहरुको मोवाईल नम्वर र ईमेल अद्यावधिक गर्न अनुरोध गर्दछौं । संघको गतिविधिहरुको जानकारी वेब साईट www.dcul.org.np मार्फत लिन सकिने छ । साथै सहकारी संघ/संस्थाले गरेका गतिविधि एवम् जानकारीहरु संघको ईमेल dcullalitpur@hotmail.com मा पठाउनुहुन अनुरोध छ ।

**३. पुस्तकालय सञ्चालन**

३.१  सहकारीमा आवद्ध महानुभावहरु एंव सहकारी प्रति चासो राख्ने पाठकबर्गहरुलाई लक्षित गरी  सहकारी बिषयको अध्ययन अनुसन्धानका लागि सहकारी पुस्तकालय स्थापना गरिएको छ । सहकारी संघ/संस्था तथा सरोकारवालाहरुलाई सहकारीको अध्ययन, खोज तथा अनुसन्धान गर्ने वातावरण तयार गर्न सहकारी पुस्तकालय सञ्चालनमा ल्याईएको हो । यस पुस्तकालयमा नमूना बिनियम, सहकारी ऐन, नियमावली, सरकारी निकायबाट बेला बेलामा जारी गरिएको मापदण्ड, परिपत्र, नीती निर्देशन र सहकारी विषयमा विभिन्न प्रकाशन गृहहरुवाट प्रकाशित पाठ्यपुस्तक तथा विभिन्न सहकारी संस्थाका गतिविधि झल्कने स्मारिका, प्रतिवेदन पुस्तिका लगायतका सामग्रीहरुको संकलन र व्यवस्थापन गरिएको छ ।

**४. कार्यालय व्यवस्थापन सूधार**

संघको कार्यालय व्यवस्थित वनाउनका लागि आवश्यक कार्यकक्षहरुको निर्माण गर्ने लक्ष्य अनुरुप संघमा अध्यक्ष, उपाध्यक्ष, लेखा समितिको कार्यकक्ष, तालिम कक्ष लगायत कर्मचारीको कार्यकक्षहरुको ब्यवस्थापनका लागि आवश्यक फर्निचर, कम्प्युटर, साउण्ड सिस्टम लगाएतका सामाग्रीहरुको ब्यवस्थापन गरियो ।

**५. भवन मर्मत सूधार**

संघको कार्यालय भवनमा आवश्यक मर्मत सुधार गर्नुपर्ने भएकाले संघको कार्यलय भवनमा रंग रोगन, शौचालयमा मर्मत,  विजुली मर्मत लगायत मर्मत सम्भारका कार्यहरु सम्पन्न गरियो ।

**६. कृषि बजार व्यवस्थापन**

संघको कार्यलय परिसरमा लाग्ने शनीवारे हाटवजारलाई थप ब्यवस्थित गर्नुपर्ने भएकाले ३० वटा फलामे स्टल निर्माण गरी तरकारी तथा फलफुल विक्रि कार्यलाई ब्यवस्थित गरियो । हाटवजारलाई ब्यवस्थित गर्न र यस संघबाट अनुमति लिएका कृषक तथा

ब्यापारीलाई मात्र स्थान उपलब्ध गराइ प्रभावकारी रुपमा बजार ब्यवस्थापन गर्न परिचय पत्रको ब्यवस्था गरिएको छ ।

**७. सदस्यता बिस्तार कार्यक्रम**

जिल्लाभित्र दर्ता भई संचालनमा रहेका सबै प्रकृतिका सहकारी संघ/संस्थालाई सदस्यताका लागी बिभिन्न कार्यक्रमहरुमार्फत आव्हान गरियो । परिणामतः उत्साहजनक रुपमा सदस्यता बृद्धि एवम् विस्तार भैरहेको छ ।

**सदस्यता बृद्धिको तुलनात्मक विश्लेषण**

| बिवरण | आ.ब ०६७/०६८ | आ.ब ०६८/०६९ | हाल सम्म |
|---|---|---|---|
| बिषयगत जिल्ला सहकारी संघ | ६ | ६ | ६ |
| प्रारम्भिक सहकारी संस्था | १६९ | ३१४ | ३५२ |
| जम्मा | १७५ | ३२० | ३५८ |

**८. सहकारी सम्बन्ध सुदृढीकरण कार्यक्रम**

८.१ यस संघले पछिल्लो समयमा जिल्लाभित्र संचालित केही सहकारीहरुमा विविध कारणले समस्याहरु देखा परेका छन् । यस्ता समस्याहरुलाई समयमै सुधार गरिनु आबश्यक छ अन्यथा अन्य सहकारीहरुमा समेत यस्ता समस्याका कारणबाट असर गर्ने सम्भावना देखिएकोले संघले समस्याहरुको पहिचान र न्यूनीकरणको उपायहरुको अध्ययन गरी सिफारिस गर्न संघका उपाध्यक्ष माधबप्रसाद तिमल्सिनाको संयोजकत्वमा संचालकहरु राजेन्द्र पौड्याल र कदमलाल महर्जन रहेको एक उपसमिति गठन गरेको छ ।

८.२ सहकारी संस्थाहरुको गतिबिधीमाथी बेलाबेलामा बिभिन्न किसिमको सकारात्मक र नकारात्मक टिप्पणीहरु सार्वजनिक भएका छन् । कतिपय समाचारहरुले आम जनमानसमा एवम् सहकारी संघ/संस्थाहरुको सञ्चालनमा समेत असर पर्न सक्ने देखिएकोले पत्रपत्रिका एवम् पत्रकारहरुसँग समन्वय गरी यर्थाथपरक समाचारको निमित्त

पहल गर्न संघका सञ्चालक अमृतनाथ तिमल्सिनाको संयोजकत्वमा लेखनाथ ढकाल र डिल्लीराम आचार्य रहेको ३ सदस्यीय उपसमितिको गठन गरिएको छ ।

**९.सहकारी संघ/संस्था प्रबद्र्धन एवम् अनुगमन कार्यक्रम ।**

९.१ सदस्य सहकारी संघ/संस्थाहरुको गतिबिधि, कार्यक्रम एवम् संस्थाको अबस्थाको बारेमा अद्यावधिक गराई राख्न जरुरी हुन्छ । तसर्थ संघले आफ्ना सदस्य सहकारी संघ/संस्थाहरुको वित्तीय स्थिति, उत्पादन, कार्यव्रmम लगायतका आबश्यक तथ्याङ्कहरुको संकलन गर्ने कार्यको थालनी गरेको छ । सहकारी संघ/संस्थाहरुको संस्थागत विकास एवम् सशक्तिकरणका लागि आवश्यक सहयोग र सहजीकरण गर्ने उद्देश्यले २९० वटा सहकारी संघ/संस्थाहरुको तथ्याङ्क संकलन भएको छ । यस कार्यको लागि २ जना तथ्याङ्क संकलकलाई करारमा नियुक्ति गरिएको थियो । तथ्याङ्कलाई विश्लेषण र अद्यावधिक गर्नका लागि छुट्टै सफ्टवयर निर्माण गरिएको छ । तथ्याङ्क संकलनको कार्यबाट प्राप्त सुझाब, संस्थाको वस्तुस्थिति एवम् तथ्याङ्कीय विश्लेषणको आधारमा सो कार्यको निरन्तरता जरुरी छ ।

**१०. अध्ययन अनुसन्धात एवम् क्षमता अभिबृद्धि कार्यक्रम**

१०.१ जिल्ला सहकारी संघ लिमिटेड ललितपुरले क्षमता अभिबृद्धि, अन्य देशमा भएको सहकारीको विकास र अवस्था एवम् सम्वन्ध विस्तार गर्ने लक्ष्यअनुरुप छिमेकी मुलुक भारतका सहकारी संघ/संस्थाहरुको अध्ययन भ्रमण सम्पन्न गरेको छ । संघका उपाध्यक्ष माधवप्रसाद तिमल्सिनाको नेतृत्वमा भएको अध्ययन भ्रमणमा यस संघका ६ जना पदाधिकारीहरु एवम् कर्मचारीको सहभागिता रहेको थियो । भारतका विभिन्न सहकारी अध्ययन प्रतिष्ठनहरुका साथै महाराष्ट्र र गोवाका विभिन्न प्रकृतिका सहकारी संघ/संस्थाहरुमा अध्ययन अवलोकन गरिएको थियो । अध्ययन् भ्रमणका क्रममा गोवा स्टेट को–अपरेटिभ युनियन, स्टेट को–अपरेटिभ बैक गोवा, डा.विट्ठालाराव विखे पाटील सहकारी प्रवंध संस्थान पुणे, बैकुण्ठ मेहता राष्ट्रिय सहकारी प्रबंध संस्थान पुणे, महाराष्ट्र राज्य कृषि वजार वोर्ड पुणे, जिल्ला औद्योगिक सहकारी संघ लिमिटेड, महाराष्ट्र राज्य लेवर को–अपरेटिभ फेडरेसन, महाराष्ट्र राज्य सहकारी संघ, वारणा महिला सहकारी पत

संस्था मर्या कोल्हापुर, पंचगंगा अर्वान सहकारी बैंक कोल्हापुर, जिल्ला सहकारी वोर्ड कोल्हापुर, सहकारी दुग्ध उत्पादक प्रकृया संघ लिमिटेड, वारणा वजार उपभोक्ता सहकारी लिमिटेड लगायतका सहकारी संघ/संस्थाहरुको अध्ययन अवलोकन भ्रमण गरिएको भयो ।

**१०.२ जापानमा आयोजित तालिममा सहभागिता ।**

जापानको Institute for the Development of Agricultural Cooperation in Asia. (IDACA) मा 2nd ICA-Japan Training course on “Quality and Safety Management of Farm Products FY 2012” तालिम कार्यक्रममा संघका अध्यक्ष माधब दुलालले सहभागिता जनाउनु भएको थियो । 2nd ICA-Japan Training course on “Quality and Safety Management of Farm Products FY 2012” ले आयोजना गरेको सो तालिम कार्यक्रम IDACA, JA- Zenchu (Central union of Agricultural Cooperatives of Japan) र Ministry of Agriculture, Forestry and Fisheries of Japan (MAFF) को सहकार्यमा संचालन गरिएको थियो । Sep 9th 2012 देखि Oct 3rd 2012 सम्म संचालित सो कार्यक्रममा एसियाका ८ वटा देशका १३ जना सहकारीकर्मीहरुको सहभागीता रहेको सो कार्यक्रममा जापनको बिभिन्न सहकारी संघहरु र प्रारम्भिक संस्थाहरुले गरेका कार्यहरु समेत अवलोकन गराईएको थियो ।

**१०.३ कर्मचारीको तालिम तथा अध्ययन /अवलोकन**

संघमा कार्यरत कर्मचारीहरुको सीप तथा क्षमता अभिबृद्धिका लागि संघमा कार्यरत लेखापाल रन्जीता लामिछानेलाई नगद प्रवाह विवरण तालिम कार्यव्रmममा सहभागी गराइएको थियो । त्यसै गरी संघमा कार्यरत तालिम प्रमुख तेजप्रसाद बजगाईलाई भारतको भ्रमण टोलिमा सहभागी गराइएको थियो ।

**११.व्यवसाय विकास योजना कार्यक्रम ।**

जिल्ला सहकारी संघ लिमिटेडको स्वामित्वमा ललितपुर उमनपा वडा नं ५ महालक्ष्मीस्थानमा रहेको २ रोपनी ७ आना जग्गामा अत्याधुनिक व्यावसायिक भवन निर्माण गर्ने योजनाअनुरुप नक्सा तयार पारिएको छ ।

१२. संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय सहकारी वर्ष सन् २०१२ को अवसरमा सम्पन्न कार्यव्रmमहरु ।

संयुक्त राष्ट्रसंघले निम्न उद्देश्य प्राप्तिका लागि सन् २०१२ लाई "Co-operative Enterprises Build A Better World" भन्ने मूल नाराका साथ "संयुक्त राष्ट्रसंघ अन्तराष्ट्रिय सहकारी वर्ष सन् २०१२ को घोषणा गरेको सबै सहकारीकर्मीहरुमा विदितै छ ।

- संयुक्त राष्ट्रसंघले सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि सहकारी र यसले सामाजिक र आर्थिक विकासमा पु¥याएको योगदान बारे जनचेतना अभिबृद्धि गर्ने ।

- सहकारी क्षेत्रको पहँुच पुगिनसकेको क्षेत्र, वर्ग र समुदायमा सहकारीको स्थापना र विकास तथा प्रवद्र्वन गर्ने ।

- सहकारी क्षेत्रको विकास र प्रबद्र्धनको लागी अनुकुल नीती र नियमको निर्माणको लागि सरकारहरुलाई प्रोत्साहन गर्नेे

निर्धारित लक्ष्य प्राप्तिका लागि संयुक्त राष्ट्रसंघ र अन्तराष्ट्रिय सहकारी महासंघ **ICA** बाट यस बर्षलाई भव्यरुपमा सम्पन्न गर्न आव्हान गरे बमोजिम सहकारी तथा गरिवी निवारण मन्त्रीको अध्यक्षतामा संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय वर्ष सन् २०१२ राष्ट्रिय समिति, सोहि मन्त्रालयका सचिबको अध्यक्षतामा केन्द्रिय कार्यन्वयन समिति र जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा जिल्ला कार्यन्वयन समिति गठन गरेको थियो । गठित राष्ट्रिय समितिले यस अवसरमा जिल्ला सहकारी संघ लिमिटेड ललितपुरले निर्माण गरेको "आरम्भ" नाटकलाई देशका बिभिन्न भागमा प्रर्दशनी गर्ने लगायतका महत्वपूर्ण कार्यक्रमको घोषणा गरी भव्यरुपमा मनाउन अह्वान गरको सबैमा जानकारी नै छ । **"आरम्भ" नाटकलाई राष्ट्रिय कार्यव्रmममा घोषणा गर्ने कार्यले ललितपुरका सहकारीकर्मीलाई गौरवान्वित बनाएको छ ।** यस बर्षलाई सफल र फलदायी बनाउन जिल्ला सहकारी संघ लिमिटेड ललितपुरले यस बर्षको अवसरमा विशेष कार्यक्रमहरु तयार गरी निम्न अनुसार कार्यान्वयन गरेको छ ।

## १२.१ सहकारी पुस्तकालय स्थापना ।

सहकारी पुस्तकालय स्थापना गरी सहकारीका बिषयमा अध्ययन अनुशन्धान गर्न चाहने, पाठक एवम् सहकारी संघ/संस्था तथा सरोकारवालाहरुलाई सहकारीको अध्ययन, खोज तथा अनुसन्धान गर्ने वातावरण तयार गर्नका लागि २०६८ साल पौष १७ गते (सन् २०१२ को पहिलो दिन विहान) राष्ट्रिय सहकारी संघ लिमिटेड नेपालका अध्यक्ष श्री केशव बडालको प्रमुख आतिथ्यतामा सहकारी पुस्तकालय स्थापना गरियो । सोहि दिन संयुक्त राष्ट्रसंघ अन्त्तराष्ट्रिय सहकारी वर्ष सन् २०१२ लाई सफल पार्न यस संघले तयार गरेको विशेष कार्यक्रमहरुको सार्वजनिक  गरियो ।

## १२.२ वखानपुर सहकारी ऋण समितिका स्थापनाकालीन चार सदस्यहरुलाई  सम्मान ।

नेपालको पहिलो सहकारी  संस्था “श्री बखानपुर सहकारी  ऋण समिति”का स्थापनाकालीन सदस्यहरु सु.मोहनसिंह गुरुङ्ग, कृष्णमान गुरुङ्ग, हर्कबहादुर गुरुङ्ग र इन्द्रसिंह गुरुङ्गलाई संघका अध्यक्ष माधब दुलालको नेतृत्वमा संघका पदाधिकारीहरु सहित ललितपुरका सहकारीकर्मीहरुको समूहले उहाँहरुले नेपालमा सहकारी अभियानको शुभारम्भमा गर्नुभएको योगदानको उच्च कदर गर्दै २०६८ पौष २२ गते सम्मान गरिएको थियो । हालको सारदानगर चितवनमा रहेको बखान सहकारी संस्थाको कार्यालयमा भएको सो सम्मान कार्यव्रmमको प्रमूख आतिथ्यता राष्ट्रिय सहकारी संघ लिमिटेड नेपालका संचालक रबिन्द्र के.सीले गर्नुभएको थियो । सो कार्यव्रmममा चितवन स्थित जिल्ला स्तरिय सहकारी संघहरु, सरोकारवाला निकायहरु र सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

## १२.३ समुदघाटन कार्यव्रmममा सहभागिता

संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय  सहकारी बर्ष सन् २०१२ राष्ट्रिय समितिले २०६८ माघ १३ गते काठमाण्डौंको खुल्ला मंन्चमा आयोजना गरेको अन्तर्राष्ट्रिय  सहकारी बर्ष सन् २०१२ समुद्घाटन सभालाई भव्यरुपमा सम्पन्न गर्न जिल्ला स्थित सहकारी संघ/संस्थाहरुको सहभागीताको लागी व्यापकरुपमा प्रचार प्रसार गरिनुका साथै संघका

पदाधिकारीहरु बिभिन्न समिति तथा उपसमितिमा रही बिशेष सहयोग गर्नुभएको थियो । सो कार्यक्रममा यस जिल्लामा संचालित सहकारी संघ/संस्थाहरुको तर्फबाट उल्खनीय सहभागिता रहेको थियो ।

**१२.४ नेपालको पहिलो सहकारी संस्थाको अध्ययन**

नेपालको सहकारी अभियान २०१३ चैत्र २० गतेबाट शुरु भएको मानिन्छ । नेपालमा सहकारीको उत्पति कसरी र कुन पृष्ठभूमीमा सुरु भयो भन्ने बिषयमा सहकारीकर्मी एवम् सरोकारवाला पक्षलाई जिज्ञासा लाग्नु स्वभाविकै हो । नेपालको सहकारी अभियानको ऐतिहासिक पक्षलाई आम सहकारीकर्मी माझ पु¥याउने  लक्ष्यले नेपालको पहिलो सहकारी संस्थाको स्थापनामा योगदान गर्ने स्थापनाकालीन सदस्यहरु संगको साक्षात्कार एवम् पहिलो सहकारी संस्थाको अध्ययन अवलोकन गरियो । संघका संचालक कदमलाल महर्जन र अमृतनाथ तिमल्सिनाले स्थापनाकालीन सदस्यहरुसँग गरेको प्रत्यक्ष कुराकानी एवम् अन्तक्रियाको आधारमा  सहकारी स्थापनाको संन्दर्भमा थप तथ्यहरुको उजागर भएको छ । अध्ययन भम्रणबाट प्राप्त उपलब्धीहरुलाई आम सहकारीकर्मी बीच जानकारी गराउने उद्धेश्यले संघले बिशेषाङ्क प्रकाशित गरी सदस्य सहकारी संघ/संस्थाहरुलाई उपलब्ध गराएको थियो ।

१२.५ सहकारी डकुड्रामा [illegible]े निर्माण ।

नेपाली सहकारी अभियानको इतिहास, विकासक्रम एवम् सहकारीले परिकल्पना गरेको समाजको बिषयबस्तुहरु समेट्दै सहकारी बिभागको साझेदारीमा “[illegible]” नामक सहकारी डकुड्रामा निर्माण गरियो । सहकारी जनचेतना अभिबृद्धिका लागि निर्मित सो डकुड्रामाको छायाँकन हेटौडा, बस्तीपुर, मनहरी लगायत उपत्यकाको विभिन्न स्थानमा गरिएको थियो । खोजमूलक विषयवस्तुलाई समेटी तयार गरिएको यस डकुड्रामाको म्ख्म् को विमोचन एवम् पहिलो प्रर्दशनी राष्ट्रिय सहकारी संघ लिमिटेड नेपालका अध्यक्ष श्री केशव वडालको प्रमुख आतिथ्यतामा २०६९ साउन १७ गते गरियो । ललितपुरको सहकारी अभियानका अधिकांश सहकारीकर्मीहरुको अभिनय रहेको सो डकुड्रामाको म्ख्म् बिभिन्न

सहकारी संघ/संस्थाहरुवाट विक्री भईरहेको छ । सो डकुड्रामाबाट सहकारी जनचेतना अभिबृद्धि हुने एवम् सहकारी सञ्चालन पद्धतिमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

**१२.६ सहकारी बनको लागि बृक्षारोपण र संरक्षण ।**

सहकारीको स्थापना, संचालन र विकासमा समुदायको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सामाजिक दायित्व अन्त्तगत सहकारीले समुदायको सामाजिक विकास र वातावरणीय संरक्षणमा योगदान गर्नुपर्दछ । पृथ्वीको तापव्रmम वढ्दा सम्पूर्ण जीवित प्राणीको अस्तित्व संकटमा रहने हुँदा केही हदसम्म भए पनि समस्या न्यूनीकरण सहकारीमार्फत गरी सामाजिक उत्तरदायित्व पूरा गर्न धार्मिक र वातावरण अनुकुलका विरुवाहरु रोपण गरी संरक्षण गर्ने उद्देश्यले बृक्षारोपण कार्यव्रmम आयोजना गरिएको हो ।

संघको आयोजना र लुभु लामाटार क्षेत्रका १८ वटा सहकारी संस्थाको सहभागितामा लामाटारको  ढिकासपाखा सामुदायिक वन क्षेत्रमा सहकारी बनका लागि २०६९ साउन २६ गते राष्ट्रिय सहकारी संघ लिमिटेड नेपालका अध्यक्ष केशव वडालको प्रमुख आतिथ्यतामा बृक्षारोपण गरिएको थियो । कपुर, निम, पारिजात, रुद्राक्ष, अम्बा, बेल, अमला, हर्रो, बर्रो, ओखर, गुराँस, टिम्वुर, चिउरी, डालेघाँस लगायत धार्मिक एवम् औषधीय गुणका जडिबुटी जन्य बिरुवाहरु लगाई रोपिएका विरुवाहरुको तारवारद्धारा संरक्षण समेत गरियो । सो कार्यव्रmममा स्थानीय सहकारी संस्थाहरुको महत्वपूर्ण सहभागिता र भूमिका रहेको थियो ।

**१२.७ सामाजिक विकासमा सहकारी विषयक वक्तृत्वकला प्रतियोगिता ।**

सहकारीले आम बर्ग र क्षेत्रको आर्थिक तथा सामाजिक रुपान्तरणमा खेल्न सक्ने भूमिकाको बिषयलाई अझ सशक्त गराउनु पर्ने भएको छ । देशको विकासमा युवा एवम् विद्यार्थीहरुको भूमिका महत्वपूर्ण रहेको हुन्छ । बिद्यालय स्तरमा नै सहकारी शिक्षालाई औपचारिक पढाईको रुपमा समावेश गर्न जरुरी छ । बैदेशिक रोजगारमा जाने युवाहरुको संख्या दिनानु दिन बढिरहेको छ । यस्तो परिस्थितिमा सबै क्षेत्रमा सहकारी र यसले सृजना गर्ने स्वरोजगारको बिषयमा जानकारी दिने एवम् बिद्यार्थी माझ सहकारी

बिषयप्रति चासो गराई थप अध्ययनको लागी प्रोत्साहन गर्ने उद्देश्यले २०६९ मंसिर २९ गते “सामाजिक विकासमा सहकारी” बिषयक ललितपुर जिल्लाका सामुदायिक उच्च मावि स्तरमा अध्ययनरत छात्र/छात्राहरुबीच वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको थियो । जिल्लामा संचालित सामुदायिक उच्च माध्यमिक बिद्यालयमध्ये ८ वटा सामुदायिक उमाविका १६ जनाको सहभागिता रहेको सो कार्यक्रमको प्रमुख अतिथि उच्च माध्यमिक शिक्षा परिषद् काठमाण्डौ कार्यलयका प्रमुख जंगबहादर अर्याल रहनु भएको थियो ।

### १२.८ सहकारी नाटक आरम्भ को डी.भी.डी निर्माण तथा विमोचन ।

सहकारी स्थापनाको विषयवस्तुलाई नाटकको रुपमा उतारी आम सहकारीकर्मीमाझ सहकारीको ऐतिहासिक नाटक आरम्भ निर्माण गरी गत साल मञ्चन गरिएको यहाहरुलाई विदितै छ । सोहि नाटक संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय सहकारी वर्ष सन् २०१२ को राष्ट्रिय कार्यक्रममा समेत समावेस भएबाट यसको महत्व र चर्चा बढेको छ । सोही नाटकलाई म्ख्म् मार्फत सहकारीकर्मी बीच पु¥याउने लक्ष्य बमोजिम सहकारी वर्षको अवसरमा निर्मित म्ख्म् राष्ट्रिय सहकारी संघ लिमिटेडका सञ्चालक डिल्लीराम तिवारीको प्रमुख आतिथ्यतामा २०६९ पुस ५ गते विमोचन एवम् प्रदर्शन गरियो ।

### १२.९ अन्तरसहकारी हाजिर जवाफ प्रतियोगिता

सहकारी संचालनमा प्रत्यक्ष रुपमा संलग्न सहकारी कर्मीहरुमा सहकारी सम्बन्धि थय अध्ययन, खोज भई सहकारीको आदर्श मुल्य मान्यता अनुसार सहकारी सञ्चालनमा टेवा पुगोस् भन्ने लक्ष्यका लागि सहकारी विषयमा संघको सदस्य सहकारी संस्थाका पदाधिकारीहरु एवम् सदस्यहरुबिच २०६९ पुस १४ गते हाजिरजवाफ प्रतियोगिता सम्पन्न गरियो । ललितपुर जिल्लामा संचालित १३ वटा सहकारी संस्थाहरुको सहभागिता थियो । कार्यक्रमको आयोजनाले सहभागीहरुमा सहकारी सम्बन्धि थप अध्ययन खोज तथा अनुसन्धान गर्न प्रोत्साहन गरेको पाईयो । यस्ता प्रयासको निरन्तरताले सहकारी सञ्चालनमा निखार ल्याउने छ ।

**१२.१० नुवाकोटमा सहकारी नाटक आरम्भ प्रर्दशनी ।**

संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय सहकारी वर्ष २०१२ को समापन, जिल्ला सहकारी संघ लिमिटेड नुवाकोटको २० औं वार्षिक साधारण सभा एवम् नुवाकोट जिल्ला सहकारी सम्मेलनको अवसरमा जिल्ला सहकारी संघ लिमिटेड नुवाकोटले आयोजना गरेको कार्यव्रmममा सहकारीको ऐतिहासिक नाटक आरम्भको म्ख्म् यस संघबाट गएको टोलीले नुवाकोटका तीन सय भन्दा बढि सहकारीकर्मीहरुको सहभागितामा २०६९ पुष ११ गते प्रर्दशन गरेको थियो ।

**१२.११ ललितपुर जिल्लास्तरीय अन्तरसहकारी दौड प्रतियोगिता ।**

यस वर्षको अवसरमा जिल्ला सहकारी संघ लि.ललितपुरको आयोजनामा ललितपुर जिल्लास्तरिय अन्तर सहकारी दौड प्रतियोगिता २०६९ पुस १६ गते सम्मन्न गरियो । प्रतियोगितामा जिल्लामा सञ्चालित २५ वटा सहकारी संस्थाका ७६ जना धावकले भाग लिएका थिए । लगनखेलचोकबाट शुरु गरिएको प्रतियोगिता सातदोवाटो, महालक्ष्मीस्थान चोक, विद्युत प्राधिकरण हँुदै लगनखेलको नमुना मच्छिन्द्र क्याम्पसको प्राङ्गणमा आई सम्पन्न भएको थियो । ३ किलोमिटर दुरी रहेको दौड प्रतियोगितामा पुरुष र महिलातर्फ गरी दुई समूहमा गरिएको थियो ।

**१२.१२ वर्षको अवसरमा पत्रकारलाई सम्मान**

संयुक्त राष्टसंघ अन्त्रराष्ट्रिय सहकारी बर्ष कार्यक्रम घोषणासँगै यस बर्षभरी सहकारीको बिषयमा कलम चलाउने, सहकारीको समाचार संकलन एवम् सम्प्रेषणमा उच्च प्राथमिकताको साथ कार्य गर्ने पत्रकारलाई सम्मान गर्ने कार्यक्रम अनुसार ललितपुरबाट प्रकाशन हुने दिगो दृष्टि साप्ताहिकका प्रधान संम्पादक श्री दिपक प्रसाद घिमिरेलाई नगद रु.५००१।–(पाँच हजार एक) सहित कदरपत्रबाट संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय सहकारी बर्ष समापनको कार्यक्रममा सम्मान गरियो ।

**१२.१३ वर्षको अवसरमा प्रकाशन गृहलाई सम्मान**

संघले यस बर्षको अबसरमा यस बर्षभित्र सहकारीको बिषयमा जनजागरणमा सकारात्मक प्रभाव पार्ने एवम् सहकारीको लेख रचना एवम् समाचारलाई उच्च प्राथमिकताका साथ प्रकाशन गर्ने प्रकासन गृहलाई कदर गर्ने कार्यक्रम अन्त्तगत यस बर्षको अबधिमा सहकारीको बिषयलाई प्राथमिकताका साथ प्रकाशन गरेकोले आर्थिक अभियान दैनिकलाई अन्तर्राष्ट्रिय  सहकारी बर्ष समापनको अवसरमा कदर गरियो ।

**१२.१४ सगरमाथा आरोही सहकारीकर्मीलाई सहयोग**

नेपाली सहकारी अभियानले यस बर्षको अवसरमा अर्को एउटा ऐतिहासिक एवम् बिश्व सहकारी अभियानमा एउटा इँटा थप्ने काम गरेको छ । बिश्वको सर्वोच्च शिखर सगरमाथामा संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय  सहकारी बर्ष सन् २०१२ को लोगो अंकित झण्डा पुयाईएको छ । यो गौरबमय इतिहास कोर्ने काम केन्द्रिय सूचना तथा सञ्चार सहकारी संघका महासचिव शिबकुमार डाँगीबाट भएको हो । यसले नेपाली सहकारीकर्मीमा गौरब बढाउनुको साथै बिश्व सहकारी अभियानमा नेपाली सहकारी अभियानको उचाई समेत बृद्धि गरेको छ । यो अभियानलाई बिश्व सहकारी अभियानले उच्च मुल्याँकन गरेको छ । यस अभियानलाई सहयोग पु¥याउन संघले बिभिन्न कार्यक्रम, छलफल एवम् अन्तरक्रियाहरुमा सक्रिय भई सहकारीकर्मी र सरोकारवाला निकायहरुको परिचालन गर्न मद्दत पु¥याउनुका साथै संघका पदाधिकारीहरुबाट सो अभियानको बिभिन्न समितिमा रही नीतिगत बिषयमा समेत मद्दत गरिएको थियो । अभियान सफलताको शुभकामना सहित संघले सो अभियानमा रु.५५५५५।५५(पचपन्न हजार पाँच सय पचपन्न रुपैंयाँ पचपन्न पैसा)  आर्थिक सहयोग गरेको थियो । आरोहण सफलता भएपश्चात ललितपुरका सहकारीकर्मीबाट सर्व प्रथम उहाँलाई कार्यक्रम मार्फत बधाई एवम् स्वागत गरिएको थियो ।

**१२.१५ सहकारी महोत्सवहरुमा सहयोग/समन्वय**

जिल्लामा सञ्चालित विभिन्न १३ वटा सहकारी संस्थाहरुको आयोजना एवम् जिल्ला बचत तथा ऋण सहकारी संघ ललितपुरको संयोजनमा २०६९ पौष ६–८ गते सम्म ललितपुरमा संचालित सहकारी महोत्सवलाई सफल बनाउन संघले बिभिन्न निकायहरुको परिचालनमा

सहयोग गर्नुका साथै महोत्सबलाई सफल बनाउन रु.५५५५५। (पचपन्न हजार पाँच सय पचपन्न रुपैंया)आर्थिक सहयोग गरेको थियो । ललितपुरको कलात्मक र परम्परागत साँस्कृतिक सम्पदाको जगेर्ना गर्ने, संस्थाका सदस्यहरुद्धारा उत्पादित वस्तुहरुको प्रर्दशनी तथा बजारीकरण गर्ने, आम जनमानसमा सहकारीे सम्बन्धि जानकारी प्रदान गर्ने लक्ष्यका साथ सञ्चालित यस महोत्सवको समुद्घाटन सम्माननीय प्रधानमन्त्री डा.बाबुराम भट्टराईको प्रमुख आतिथ्यतामा भएको थियो । महोत्सवलाई सफल बनाउन आबश्यक सल्लाह र सुझाबको लागी गठित सल्लाहकारवर्गमा संघका अध्यक्ष माधब दुलाल रहनु भएको थियो ।

अन्तर्राष्ट्रिय सहकारी वर्षलाई सफल वनाउन  ईकुडोल गाविसमा सञ्चालित ६ वटा सहकारी संस्थाहरुको आयोजनामा २०६९ पुस १२ गते सम्पन्न ईकुडोल सहकारी महोत्सवलाई सफल वनाउन रु ५०००।–आर्थिक सहयोग गरियो । त्यसै गरी गोटिखेलमा सञ्चालित ८ वटा सहकारी संस्थाहरुको आयोजनामा सम्पन्न गरिएको गोटिखेल सहकारी महोत्सवलाई सफल वनाउन विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गरियो ।

**१२.१६ नेपाली सहकारी अभियानका शुभारम्भकर्तामा अभिनन्दन**

जिल्ला सहकारी  संघ लिमिटेड ललितपुरको निर्धारित कार्यव्रmम अनुसार नेपालको सहकारी इतिहासमा पहिलो सहकारी संस्थाको रुपमा स्थापित श्री वखानपुर सहकारी ऋण समितिका स्थापनाकालीन चार जना सदस्यलाई अन्तर्राष्ट्रिय सहकारी वर्षको अवसरमा अभिनन्दन गर्ने कार्यव्रmम अन्त्गत यही २०६९ पुष १६ गते ललितपुर उपमहानगरपालिका अगाडिबाट सहकारी संघ/संस्थाका सहकारीकर्मीहरुको उल्लेख्य सहभागितामा वाजागाजा, झाँकी, ¥यालीसहित कृष्णमान गुरुङ्ग र इन्द्रसिह गुरुङ्गलाई अभिनन्दन यात्रासहित ललितपुरको लगनखेलस्थित नमुना मच्छिन्द्र क्याम्पसको प्रङ्गणमा आई भब्य कार्यव्रmमका साथ संघबाट अभिनन्दन गरियोे । प्रमूख अतिथि लगायत उपस्थित अतिथिहरुले उहाँहरुलाई सम्मान गर्नुभएको थियो । जिल्ला स्थित विषयगत सहकारी संघहरु, प्रारम्भिक सहकारी संस्थाहरुका साथै सहकारीकर्मीहरुबाट उहाँहरुको योगदानको कदर गर्दै अभिनन्दन गरेका थिए । चार जनालाई अभिनन्दन गर्ने

निर्धारित कार्यव्रmम भए पनि बृद्ध अवस्थामा रहेका सु.मोहनसिंह गुरुङ्ग र हर्कबहादुर गुरुङ्ग भने स्वास्थ्य स्थितिका कारणले कार्यक्रममा सहभागी हुन सक्नु भएन । तथापि कार्यक्रममा उहाँहरुको सन्देश पढेर सुनाईएको थियो ।

**१२.१७ संयुक्त राष्टसंघ अन्तराष्ट्रिय  सहकारी बर्ष २०१२ समापन कार्यक्रम ।**

संयुक्त राष्ट्रसंघले सन् २०१२ लाई संयुक्त राष्टसंघ अन्तराष्ट्रिय  सहकारी बर्ष घोषणा गरे बमोजिम जिल्ला कार्यान्वयन समिति ललितपुरको आयोजनामा २०६९ पुस १६ गते अर्थात ३१ डिसेम्वर २०१२ का दिन ललितपुरको लगनखेलस्थित नमुना मच्छिन्द्र क्याम्पसको प्रङ्गणमा सहकारी वर्ष समापनको घोषणा गरियो । संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय  सहकारी २०१२ जिल्ला कार्यन्वयन समिति ललितपुरका अध्यक्ष एवम् जिल्ला विकास समितिका सभापति राजकुमार श्रेष्ठको सभापतित्वमा र राष्ट्रिय सहकारी संघ लिमिटेड नेपालका अध्यक्ष केशव वडालको  प्रमूख आतिथ्यता रहेको थियो । कार्यव्रmममा संघले सञ्चालन गरेका विभिन्न प्रतियोगिताका विजयी सहकारीकर्मीहरुलाई पुरस्कार प्रदान गरिएको थियो ।

**१३. संघको विनियम संसोधन कार्यक्रम ।**

संघलाई समयसापेक्ष रुपमा सञ्चालन गर्नका लागि २० औं वार्षिक साधारण सभावाट परिमार्जनसहित स्वीकृत संसोेधत विनियमलाई कार्यन्यनमा ल्याईएको छ ।

**१४. संघको कर्मचारी विनियम संशोधन ।**

संघको २० औं वार्षिक साधारण सभाबाट संसोधित कर्मचारी प्रसाशन विनियमावली २०६८ लाई कार्यन्वनमा ल्याईएको छ ।

**१५.आर्थिक नियमावली कार्यान्वयन**

संघको कारोवारलाई पारदशीर्, जवाफदेही र समयसापेक्ष गराउनको लागि २० औं वार्षिक साधारण सभावाट आर्थिक प्रशासन विनियमावली २०६८ पारित गरी कार्यान्वनमा ल्याईएको छ ।

**१६. कार्यक्रमहरुको विकेन्द्रीकरण**

संघले आफ्नो उद्धेश्य प्राप्तिको लागी गठित उपसमितिहरुलाई क्रियाशील गराई कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्दै आएको छ । संघको भूमिका र गतिबिधिलाई सशक्त, फलदायी र प्रचारप्रसार गराउन जिल्लाको ४१ वटै गा.वि.स.र नगरपालिकाका प्रत्येक वडाहरुमा सहजकर्ता चयन गर्न संघका संचालक अमृतनाथ तिमल्सिनाको संयोजकत्वमा संचालकहरु धना खतिवडा र कदमलाल महर्जन रहेकोे उपसमितिले सिफारिस गरेको सहकारी सहजकर्ता परिचालन निर्देशिका २०६९ लाई पारित गरी निर्देशिका अनुसार पदाधिकारीहरुबीच क्षेत्रगत रुपमा सहजकर्ता चयनको निमित्त जिम्मेवारी समेत बाँडफाँड गरिएको छ ।

**अन्य विविध कार्यव्रmमहरुको कार्यन्वयन**

सहकारी संघ संस्थाहरुको विकास र प्रर्बद्र्धनको लागी संघले निम्न अनुसारको कार्यव्रmमहरु कार्यन्वयन गरेको छ ।

**१) सहकारी मापदण्ड २०६८ सम्वन्धमा ।**

सहकारी मापदण्ड २०६८ को कार्यन्वयनको सवालमा सहकारीकर्मीहरुसँगको छलफलबाट प्राप्त सुझाबलाई सहकारी बिभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ र डिभिजन सहकारी कार्यालयमा बुझाईएको यहाँहरुमा बिदितै छ । सो सुझाबलाई मापदण्ड जारी गर्ने निकाय सहकारी बिभागले सकारात्मक रुपमा लिएको छ । संघले सहकारीकर्मीहरुको सहभागितामा र अगुवाइमा गरेको कार्यको प्रशंसा गर्दै मापदण्ड परिमार्जनको व्रmममा संघवाट प्राप्त सुझाबलाई समेटने जानकारी विभागबाट प्राप्त गराएको छ ।

**२) कर सम्वन्धममा ।**

हाल सहकारीमा लगाउँदै आईरहेको कर अष्पष्ट, अवैज्ञानिक एवम् अव्यवहारिक भएकोले सहकारी संघ/संस्थामा समेत करको सम्बन्धमा अन्यौलता सृर्जना हुन गएको छ । कर

ब्यवस्था सम्वन्धमा बारम्बार अन्यौलता पैदा भएको, सहकारीमा लगाईंदै आएको करको दर अब्यवहारिक रहेकोले कर ब्यवस्थाको विषयमा आवश्यक सुझाव पेश गर्नकालागि संघका संचालक कदमलाल महर्जनको संयोजकत्वमा, संचालकहरु करुणारत्न बज्राचार्य, अमृतनाथ तिमल्सिना, निर्मला हाडा र राजेन्द्र पौड्याल सदस्य रहेको े ५ सदस्यीय सहकारीमैत्री कर दवाब उपसमिति गठन गरी कर ब्यवस्था सम्वन्धमा अध्ययनपश्चात गरिएको सिफारिसलाई जिल्लास्थित विषयगत सहकारी संघहरु एवम् सहकारी संस्थाहरुसंगको ब्यापक छलफल तथा अन्त्तकृयाबाट प्राप्त राय सुझवहरु समेटेर सहकारीमैत्री कर ब्यवस्थाको माग गर्दै जिल्लास्थित विषयगत सहकारी संघहरु सहितको टोलीले राजश्व परामर्श समितिमा आफ्ना सुझाव एवम् मागहरु पेश गरेको छ ।

**३) स्वागत एवम् विदाई**

जिल्ला सहकारी संघ लिमिटेड ललितपुरले बिभिन्न सरोकारवाला निकायको सहकार्य र समन्वयलाई बिशेष प्राथमिकता दिएको छ । यसै सन्दर्भमा डिभिजन सहकारी कार्यालयका प्रमुख बद्रि तिवारी सरुवा हुनुभएको र डिभिजन सहकारी कार्यलयको प्रमुखमा शशिकुमार लम्साल पदस्थापन भई आउनु भएकोले संघले २०६८ चैत्र १२ गतेका दिन स्वागत एवम् विदाई कार्यक्रमको आयोजना गरिएको थियो ।

**४) सहकारी क्षेत्रको सुदृढीकरण सम्वन्धमा ।**

सहकारी क्षेत्रमा पछिल्लो समयमा विबिध कारणबाट केही समस्याहरु देखा पर्न थालेका छन् । सहकारी संचालन पद्धतिमा देखिएका केही त्रुटीहरुले यस्ता समस्याहरु देखिएका हुन् । समस्या न्यूनीकरण गर्दै जाने लक्ष्य अनुसार राष्ट्रिय सहकारी संघका अध्यक्षको संयोजकत्वमा सहकारी बिभागका रजिष्ट्रारसमेत रहेको सहकारी सुदृढीकरण राष्ट्रिय समिति बनेको छ । यसै अनुरुप यस जिल्लामा संघका अध्यक्ष माधब दुलालको अध्यक्षता डिभिजन प्रमुख समेत रहेको ५ सदस्यीय जिल्ला सहकारी सुदृृढीकरण समिति बनेको छ । सहकारी संस्थाहरुमा देखिएको समस्याहरुको विषयमा तत्काल छलफल गरी समस्याको न्युनीकरणमा सहयोग गर्न बनेको यस समितिले जिल्लाको सहकारी अभियानको सुदृढीकरणमा सहयोग पु¥याउने छ ।

**५) जिल्ला कार्यान्वयन समितिमा मनोनित**

संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय सहकारी वर्ष २०१२ लाई सफल रुपमा सम्पन्न गर्नका लागि संयुक्त राष्ट्रसंघ अन्तर्राष्ट्रिय सहकारी २०१२ जिल्ला कार्यान्वयन समिति ललितपुरका अध्यक्ष एवम् जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा गठित जिल्ला कार्यान्वयन समिति ललितपुरमा यस संघका उपाध्यक्ष माधब तिमल्सिना र सञ्चालक सदस्य करुणारत्न वज्राचार्य मनोनित हुनुभएको थियो ।

**६) सहकारी विषयका सामग्रीहरु विक्री वितरण**

संघले जनस्तर सम्म सहकारीको जागरण कार्यक्रमलाई प्रभावकारी पार्न एवम् सहकारीको बिषयमा जानकारी राख्न चाहने माहनुभावहरुलाई सहजढंगबाट जानकारी प्राप्त गर्न सहयोग गर्ने हेतुले संघको कार्यालय एवम् संघले आयोजना गर्ने बिभिन्न कार्यक्रमहरुमा संघबाट प्रकाशित पुस्तक, नाटक र डकुड्रमाको म्ख्म् एवम् बिभिन्न लेखकद्धारा लिखित सहकारीको विषयका पाठ्य पुस्तकहरु बिक्री बितरण गर्दै आएको छ । राष्ट्रिय एवम् केन्द्रिय स्तरका सहकारी निकायहरुको आयोजनामा हुने कार्यक्रमहरुका साथै सहकारीका विभिन्न कार्यव्रmमहरुमा समेत बिक्री बितरण गर्दै आएको छ ।

**५५औ राष्ट्रिय सहकारी दिवस**

नेपालका सहकारी अभियानको शुरुवात भएको दिनलाई राष्ट्रिय सहकारी दिवसको रुपमा मनाइँदै आईएको छ । जिल्लाभित्र सञ्चालित सबै प्रकृतिका सहकारी संघ संस्थाहरु र डिभिजन सहकारी कार्यालय समेतले संयुक्त रुपमा मनाइने यस दिवसलाई भव्यरुपमा सम्पन्न गर्न ५५आँै राष्ट्रिय सहकारी दिवश मूल समारोह समिति ललितपुर गठन गरिएको थियो । जिल्ला सहकारी संघ लिमिटेड ललितपुरका अध्यक्ष माधब दुलालको संयोजकत्वमा गठित सो समितिको सचिवालय सदस्यहरुमा जिल्लास्थित बिषयगत सहकारी संघका अध्यक्षहरु एवम् डिभिजन सहकारी कार्यालय ललितपुरका प्रमुख सदस्य सचिव रहनुभएको थियो । समितिको आयोजनामा जिल्ला सहकारी संघ ललितपुरको कार्यालय परिसरमा बृहत रक्तदान कार्यक्रम सहित दिवस मनाइयो । जिल्ला सहकारी

संघले नेपालको पहिलो सहकारी संस्था श्री वखानपुर सहकारी ऋण समितिका स्थापनाकालीन सदस्यहरुमध्ये मोहनसिं गुरुङ्ग, कृष्णमान गुरुङ्ग, ईन्द्रसिं गुरुङ्ग र हर्कबहादुर गुरुङ्गहरुसंगको छलफल तथा खोजमूलक अध्ययन गरी वखान सहकारीको स्थापना, स्थापनाकालीन सदस्यको विवरण, भूमिका, वखान सिं गुरुङको योगदान तथा यसको सचित्र इतिहास झल्कने सहकारी विशेषाङ्क बुलेटिन सहयात्रा प्रकाशित गरेको थियो । रक्तदान कार्यक्रमको व्यवस्थापन जिल्ला सहकारी संघ एवम् बिषयगत जिल्ला सहकारी संघहरुका महिला पदाधिकारीहरुबाट गरिएको थियो । सो रक्तदान कार्यव्रmममा १०१ जना सहकारीकर्मीहरुले रक्तदान गरेका यिए । रक्तसञ्चार केन्द्रका प्रमुख डा.मनिता राजकर्णिकारको प्रमुख आतिथ्यता थियो ।

**८. शुसासनका लागि अन्र्तकृया कार्यव्रmम**

जिल्ला सहकारी संघ लिमिटेड ललितपुर र डिभिजन सहकारी कार्यालय ललितपुरको संयुक्त आयोजनामा २०६८ माघ २५ गते शुसासनको लागि सहकारीकर्मीबीच १ दिने अन्र्तकृया कार्यव्रmम सम्पन्न गरियो । यस संघका अध्यक्ष माधब दुलालको अध्यक्षतामा सम्पन्न सो कार्यव्रmम डिभिजन सहकारी कार्यालय ललितपुरका तत्कालीन सहकारी अधिकृत बद्रि तिवारीले सञ्चालन गर्नुभएको थियो । यस जिल्ला स्थित ६ वटा विषयगत सहकारी सघ र जिल्ला सहकारी संघका पदाधिकारीहरुको सहभागितामा रहेको यस कार्यव्रmममा सहकारी डिभिजन कार्यलय ललितपुरका तिवारीले ललितपुर जिल्लाको समग्र सहकारी गतिविधि तथा सहकारी र शुसासनको विषयका अन्र्तकृयात्मक छलफलका लागि सहजीकरण गर्नुभएको थियो ।

**९. समीक्षा बैठक**

जिल्ला भित्र संचालित सहकारी संघ संस्थाहरुको विकास र प्रबद्र्धनमा क्रियाशील  जिल्ला सहकारी संघ र बिषयगत जिल्ला सहकारी संघहरुले सदस्य संस्थाहरुको विकास र प्रबद्र्धनका लागी गरिएका कार्यहरुको  समिक्षा बैठक  २०६८ साल फाल्गुण १९ र २०६९ बैशाख १७ गते सम्पन्न भएको थियो । कार्यव्रmममा सहभागी संघहरुले आफ्नो वार्षिक

कार्यव्रmमअनुरुप सम्पन्न गरेका कार्यव्रmम तथा सो कार्य सम्पन्न गरेपश्चात प्राप्त उपलब्धीहरु समेत प्रस्तुत गरेको थिए । प्रस्तुतीकरण पश्चात अन्त्रकृया गरिएको थियो ।

**१० युवा स्वरोजगार कोष सम्वन्धमा ।**

यस संघले नेपाल सरकार युवा तथा साना ब्यवसायी स्वरोजगार कोषको परिचालन सहकारी संघ/संस्थाहरु मार्फत पनि परिचालन गरिने विषयको स्वागत गरेको छ । संघले सो कोषमार्फत प्रदान गरिने रकम सहकारी संघ/संस्था एवम् संस्थाका सदस्यहरुमार्फत परिचालनको लागि रु १०,००,००,०००।–(दश करोड) माग गरेको छ ।

**११ शुभकामना आदन प्रदान कार्यव्रmम**

नेपालीहरुको राष्ट्रिय पर्वको रुपमा रहेका शुभ दिपावली, नेपाल संवत ११३३ र छठ पर्वको अवसरमा जिल्ला सहकारी संघको आयोजनामा सदस्य सहकारी संघ/संस्था र सहकारीकर्मीबीच शुभकामना आदन–प्रदान कार्यव्रmम सञ्चालन गरियो । राष्ट्रिय सहकारी संघ लिमिटेड नेपालका पूर्व अध्यक्ष श्री दिपकप्रकाश वाँस्कोटाको प्रमूख आतिथ्यतामा सम्पन्न यस कार्यव्रmममा जिल्ला स्थित विषयगत सहकारी संघका पदाधिकारी, कर्मचारी र सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

**१२ सहभागिता सम्वन्धमा**

सहकारी संघ/संस्था एवम् सरोकारवाला विभिन्न निकायहरुले सञ्चालन गर्ने साधारण सभा, गोष्ठि, बैठक, सेमीनार, अध्ययन भ्रमण, अन्त्रकृया, लगायतका कार्यव्रmमहरुमा यस संघका पदाधिकारीहरुबाट सक्रिय सहभागिता जनाईएको छ । साथै सहकारीको विकास र प्रवद्र्धनका लागि सक्रिय रुपमा पैरवी गरिएको छ ।

**प्रतिनिधि साथीहरु**

अव म सघले आगामी आर्थिक वर्ष ०६९/७० मा गरिने कार्यव्रmमको योजना, नीति तथा प्रस्तावहरु यहाँहरु समक्ष छलफल र निर्णयका लागि प्रस्तुत गर्न चाहन्छु ।

**१ व्यवसायिक भवन निर्माण**

जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको स्वामित्वमा ललितपुर उ.म.न.पा.वडा नं ५ महालक्ष्मीस्थानमा रहेको २ रोपनी ७ आना जग्गामा बनेको घर टहरा र गोदामहरुको सट्टा अत्याधुनिक व्यावसायिक भवनको निर्माण गर्नुपर्ने भएको छ । सहकारी संघ संस्थाका उत्पादन एवम् व्यवसायलाई एकीकृत गर्दै बजारीकरणमा जोड दिनुपर्ने देखिन्छ । अतः संघको हाल रहेको भौतिक संरचनालाई परिबर्तन गरी व्यवसायिक भवन निर्माण मार्फत सहकारी उत्पादनको बजारीकरण गर्न सकिन्छ । सहकारी संघ संस्थाको सहभागीतामा व्यवसायिक भवन निर्माण गर्नेतर्फ पहल गरिने छ । यस कार्यमा सदस्य सहकारी संघ संस्थाको सहभागिताको महत्वपूर्ण भूमिका रहेको हँुदा सहकार्य र सहभागिताको हार्दिक अपेक्षा गरिन्छ ।

**२ सदस्यता विस्तार कार्यक्रम**

संघले आगामी बर्षमा सदस्यता व्यापक वृद्धि गर्ने थप व्यवहारिक कार्यक्रमहरु ल्याउने छ । सदस्यता वृद्धिका लागि प्रभावकारी शैक्षिक एवम् सूचनामूलक कार्यक्रमहरु तयार गरी लागू गरिने छ ।

**३. सहकारी शिक्षा तथा तालिम सम्बन्धमा**

सहकारी संघ संस्थाहरुको व्यवसायिक क्षमता अभिवृद्धिका लागि स्थायी प्रकृतिका विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

**४. सुचना केन्द्र व्यवस्थापन तथा बुलेटिन प्रकाशन कार्यक्रम**

संघबाट संचालन भएका, हुने र गरिने सम्पूर्ण क्रियाकलापहरु संग्रहित हुने वेभ साईट थप अद्यावधिक गरिने छ साथै त्रैमासिक बुलेटिन नियमित रुपमा प्रकाशन गरिने छ । सहकारी सम्बन्धि सकेसम्म सब किसिमका सूचना उपलब्ध हुने गरी प्रविधि सम्पन्न सुचना केन्द्र निर्माणका लागि पहल गरिने छ ।

**५. सहकारी संघ संस्था प्रवर्धन, अनुगमन कार्यक्रम**

संघले विद्‌यमान ऐन, नियम र स्वीकृत विनियमको अधिनमा रहि आवद्ध संघ संस्थाहरुको प्रवर्धनात्मक हिसाबले अनुगमन नियमन गर्ने पहल गरिने छ । यसबाट सहकारी अभियानलाई मूल्य, मान्यता र सिद्धान्त बमोजिम सुदृढ हुन थप मद्दत पुग्नेछ ।

**६. विकेन्द्रीकरण सबन्धी कार्यक्रम**

संघले आफ्नो उद्देश्य प्राप्तिका खातिर गठित उपसमितिहरुलाई अधिकार सम्पन्न गराई व्यापक रुपमा कृयाशील गराईने छ । जिल्लाका ४१ वटा गा.वि.स. र नगरपालिकाका प्रत्येक वडाहरुमा १/१ जना प्रतिनिधि वा सहजकर्ता चयन गरी संघका गतिविधिहरुलाई संचार एवम् प्रचार प्रसार गरिने छ ।

**७. पुस्तकालय व्यवस्थापन**

संघको कार्यालय भवनमा स्थापना गरिएको सहकारी पुस्तकालयलाई व्यवस्थित रुपमा सञ्चालन गरिने छ । यसका लागि आवश्यक थप पाठ्य सामग्रीको व्यवस्था मिलाईने छ ।

**८. अध्ययन/अवलोकन तथा क्षमता अभिवृद्धि कार्यक्रम**

संघका पदाधिकारी, कर्मचारीहरु तथा सदस्य संघसंस्थासंग आबद्ध सहकारीकर्मीहरुको क्षमता अभिवृद्धिका लागि बिषयसँग सम्बन्धित शिक्षा, तालिम, अध्ययन /अवलोकन भ्रमण कार्यक्रमहरुमा सहभागि गराईने छ ।

**९. सहकारी सम्बन्धि सामग्रीको विक्रि वितरण**

यस संघवाट उत्पादित तथा अन्य सहकारी सामग्रीहरुको विक्रि वितरण गर्ने कार्यव्रmमलाई निरन्तरता दिईने छ ।

**१०. सहकारी बन संरक्षण**

सहकारी वर्षको अवसरमा स्थापना गरिएको बनको संरक्षण गरिने छ ।

**११. सहकारी सचेतनामूलक कार्यव्रmम**

सहकारीका विषयलाई सहकारी क्षेत्र र अन्य क्षेत्रमा समेत पु¥याउनुपर्ने आवश्यकता भएकाले विभिन्न कार्यव्रmममार्फत सहकारी सचेतनामूलक कार्यव्रmमहरुलाई सञ्चालन गरिने छ ।

**१२. सहकारी दिवश कार्यव्रmम**

राष्ट्रिय सहकारी दिवश तथा अन्य सहकारी सम्बन्धि कार्यव्रmमहरु गरिनेछ ।

**१३. अन्र्तकृया कार्यव्रmम**

सहकारीको विषयहरुमा सहकारी संघ/संस्था र सरोकारवालाहरुबीच अन्र्तकृया, गोष्ठि, सेमिनार गरिने छ ।

**१४. सहभागिता**

सहकारी संघ/संस्था एवम् सरोकारवाला निकायहरुले आयोजना गर्ने कार्यव्रmमहरुमा सहभागिता जनाईने कार्यलाई निरन्तरता दिईने छ ।

**१५. समसामयिक विषय र सञ्जालको बैठक**

सहकारी संग सम्बन्धित समसामयिक विषयहरुमा छलफल र अन्र्तकृया गरिने छ । सहकारीको विकास एवम् प्रवद्र्धनका लागि हुने बहस र पैरवीमा निरन्तरता दिँदै जिल्लास्थित विषयगत संघ एवम् डिभिजन सहकारी कार्यालयसँग हुने सञ्जालको बैठक लाई निरन्तरता दिईने छ ।

**आ.ब.०६९/०७०को अनुमानीत आय/ व्यय विवरण माथिको छलफल**

संघले उपरोक्त बमोजिमका कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको लागी अनुमानित आय व्यय विवरण निम्न अनुसार प्रस्ताव गर्दछौं ।

आ.व. २०६९ /०७० को अनुमानित आय ब्यय विवरण

| आय विवरण | रकम | ब्यय विवरण | रकम |
|---|---|---|---|
| १) वहाल आम्दानी | | १) तलव | ७,५०,०००।०० |
| २) किताव, डीभीडी विक्रि | ८,३७,०००।०० | २) विद्युत | ५५,०००।०० |
| ३) सदस्यता शुल्क | | ३)बैठक खर्च | २,१०,०००।०० |
| ४) बैंक ब्याज आम्दानी | ४,२५,०००।०० | ४)स्टेशनरी | ३०,०००।०० |
| ५) हाट बजार | | ५)लेखा परिक्षण | १०,०००।०० |
| ६) तालिम आम्दानी | ४,५०,०००।०० | ६)सूचना/शुभकामना | ६०,०००।०० |
| ७) प्रबेश शुल्क | ७५,०००।०० | ७)टेलिफोन | १५,०००।०० |
| ८) अनुदान /कार्यक्रम | ५०,०००।०० | ८)इन्टरनेट | १३,०००।०० |
| सहयोग | ७,७०,०००।०० | ९)साधारण सभा | १,८०,०००।०० |
| ९) विविध आम्दानी | ९०,०००।०० | १०)सदस्यता नविकरण | ५०००।०० |
| | ५,५०,०००।०० | ११) अतिथि सत्कार | ४०,०००।०० |
| | २,१५,०००।०० | १२) पत्रपत्रिका | २५,०००।०० |
| | | १३) सरसफाइ | ६०,०००।०० |
| | | १४) ह्रास कट्टि | १,८०,०००।०० |
| | | १५) तालिम खर्च | |
| | | १६) वेभ साइट नविकरण | ३,८०,०००।०० |
| | | १७) वुलेटिन प्रकाशन | ५,०००।०० |
| | | १८) कार्यक्रम, गोष्ठि | २,१०,०००।०० |
| | | १९) अनुसन्धान तथा विकास | ८०,०००।०० |
| | | २०) अनुगमन, नियमन खर्च | ३,५०,०००।०० |
| | | २१) संस्थागत तथ्यांक संकलन | १०,०००।०० |
| | | २२) राष्टिय सहकारी दिवश | १०,०००।०० |
| | | २३) पुस्तकालय | ५०,०००।०० |
| | | २४) मर्मत संभार | १०,०००।०० |
| | | २५) ईन्धन खर्च | १०,०००।०० |
| | | २६) विकेन्द्रीकरण कार्यक्रम | १०,०००।०० |
| | | २७) बन संरक्षण | २०,०००।०० |
| | | २८) विविध खर्च | १०,०००।०० |
| | | २९) अन्तर्राष्ट्रिय सहकारी दिवस खर्च | ४०,०००।०० |
| | | ३०) डि.भि.डि निर्माण | ४,००,०००।०० |
| | | ३१) एस.एम.एस खर्च | ७०,०००।०० |
| | | | १५,०००।०० |
| जम्मा आम्दानि | ३२,५२,०००।०० | जम्मा खर्च | ३१,१८,०००।०० |
| | | बचत नाफा | १,३४,०००।०० |

इदिनु भएकामा प्रमुख आताथ, ावाशष्ट आताथ, आताथहरु, उपास्थत सम्पूण महानुभावहरु,

पत्रकार मित्रहरु, कर्मचारी बर्गहरु लगायत प्रत्यक्ष परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु साथै सम्पूर्ण आदरणीय उपस्थित महानुभावहरुमा जिल्ला सहकारी संघ लिमिटेड ललितपुरद्वारा सञ्चालित विविध कृर्याकलापहरुमा सक्रिय सहभागिता जनाउनु हुन सविनय अनुरोध गर्दछु । विगतका दिनहरुमा झैं आगामी दिनहरुमा सहकारी अभियानको सहयात्रामा यहाँहरुको सहयोग, समन्वय र सहकार्यको अपेक्षा गर्दछु । यस संघको प्रगतिमा महत्वपूर्ण योगदान गर्नुहुने सदस्य संस्थाका महानुभावहरु, संघका शुभचिन्तक, सल्लाहकार, लेखा समिति, विभिन्न उपसमितिहरु लगायत कर्मचारी वर्गहरुमा सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु साथै सहकारी अभियानको सहयात्रामा यहाँहरुको अझैं सक्रिय सहभागिताको अपेक्षा राख्दै यो प्रतिवेदन यहि टुङ्ग्याउने अनुमति चाहन्छु ।

**जय सहकारी ।**